**Good Neighbors International (GNI)** has been working in Nepal since 2002 with the objective of improving the lives of poor people, especially children through education, income generating activities, health services, child protection, disaster risk reduction, advocacy, and governance. GNI Nepal employs a child-centered community development approach to protect the rights of the children and promote their holistic development. This approach helps families and communities achieve 'self-reliance' and serves as the basis for sustainable development.

Currently, GNI Nepal works with 194 child clubs, 523 schools, 126 cooperatives, 424 health facilities in 22 districts through 22 local nongovernmental organizations.

**Karnali Integrated Rural Development and Research Centre (KIRDARC) Nepal** is a Nepali non-governmental national organization, registered at District Administration Office, Jumla in 1999, and currently, operates in 15 districts of Karnali Province and Province 5, and 6 districts of Province 3.

KIRDARC Nepal engages more than 500 community institutions and enables people and communities to claim and exercise their human rights, including the right against poverty and neglect by way of educating, organizing and mobilizing primary right holders in human rights promoting actions; research and evidence-based policy advocacy; providing complementary services; economic empowerment and promoting socially responsible investment.

**Good Neighbors International Nepal**

Ekantakuna-13, Lalitpur, GPO Box 8975, EPC 1605, Kathmandu, Nepal
Phone: 977-1- 5538758, 5520493, 5532046, 5532047, 5532050
Fax: 977-1-5524478, Email: ho.admin@gninepal.org

www.gninepal.org facebook.com/gninepal.org twitter.com/gni_nepal
instagram.com/gninepal www.linkedin.com/in/gni-nepal

awasar
WE ARE THE FUTURE

# राष्ट्रिय बालकचहरी २०१९



## बाल अधिकारको सम्वर्द्धन : नेपालमा बालविवाहको अन्त्य

Good Neighbors International

KIRDARC ...together for social justice

# बालकचहरी : नेपालमा बालविवाह विषयक संवाद कार्यक्रम



**३** प्रदेश स्तरीय बालकचहरी

**१६** पालिका स्तरीय बालकचहरी

**१०००** स्थानीय सरोकारावाला सहभागिता

सन् २०१८ देखि गुड नेवर्स इन्टरनेशनल नेपालले स्थानीय साझेदार संस्थाहरुसँगको सहकार्यमा बालबालिकाहरुका सवालमा सरोकारवालाहरुसँग प्रदेश ३, गण्डकी प्रदेश, कर्णाली प्रदेश, र सुदूरपश्चिम प्रदेशका दार्चुला, बाजुरा, डोटी, हुम्ला, मुगु, बर्दिया, म्याग्दी, पर्वत कास्की, गोरखा, काठमाडौं र ललितपुर जिल्लाहरुमा संवाद कार्यक्रम गर्दै आइरहेको छ ।

यी सरोकारवालासँग हुने संवाद कार्यक्रमहरुलाई कर्णाली क्षेत्रको जनजिब्रोमा बालकचहरी भनिन्छ । यो वर्ष, १००० बढी स्थानीय सरोकारवालाहरुले गुड नेवर्स इन्टरनेशनल नेपालका १३ परियोजना जिल्लाहरुमा १६ पालिकास्तरीय बालकचहरी र गण्डकी प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशमा आयोजना गरिएका प्रदेशस्तरीय बालकचहरीहरुमा सहभागी भए । बालबालिका, विद्यार्थी, बालक्लब सदस्यहरु, शिक्षक, अभिभावक, निर्वाचित पदाधिकारीहरु, स्थानीय अधिकारीहरु, अ/गैससका प्रतिनिधिहरु बालविवाह हटाउने उपायहरुमा संवाद/छलफल गरेका थिए ।




सहभागी सम्वादकर्ताहरुले बालविवाहका मुख्य कारणहरुमा गरिबी, अशिक्षा, बेरोजगारी, पारम्परिक सामाजिक मूल्यमान्यता, संस्कृति र प्रचलनहरु, सामाजिक संजालको व्यापकता, ऐनकानूनको फितलो कार्यान्वयन तथा चेतनाको कमीलाई औंल्याए ।

सहभागी बालबालिकाहरुले स्थानीय सरकारका प्रतिनिधि र सरोकारवालाहरुलाई उनीहरुले बालविवाह अन्त्य गर्न अवलम्बन गरेका योजनाहरु र चालेका कदमहरु, प्रहरीकोमा बालविवाहका घटनाहरु दर्ता किन नहुने गरेको, बालक्लबहरुको सबलीकरणको के तयारी छ, बाल यौन दुर्व्यवहार गरेमा के सँजाय हुने जस्ता प्रश्नहरु सोधेका थिए ।

गत वर्ष काठमाडौंमा आयोजना गरिएको राष्ट्रिय बालकचहरी २०१८ मा बाल अधिकार र बाल संरक्षण सुनिश्चित गर्न सबै सरोकारवालाहरुलाई आह्वान गर्दै, एउटा १८ बुँदे घोषणापत्र जारी गरिएको थियो । यसै अनुसार गुड नेवर्स इन्टरनेशनल नेपालले दार्चुलाको मालिकार्जुन गाउँपालिका, डोटीको दिपायल सिलगढी नगरपालिका, वडा नं. ८ तथा बाजुराको बुढीगँगा गाउँपालिकालाई बालविवाह अन्त्यका लागि स्थानीय रणनीति लागू गर्न सहयोग गरेको थियो । गुड नेवर्स इन्टरनेशनलन नेपालबाट प्रशिक्षित बालक्लबहरुले १५ वटा बालविवाह हुनबाट रोकेका छन् ।


**नोभेम्बर २०१८ देखि नोभेम्बर २०१९ सम्म, गुड नेवर्स इन्टरनेशनल नेपालले निम्न सहयोग गर्यो :**



**१४२८** विद्यार्थीहरुसँग बालक्लब गठन पुर्नगठन सहयोग



**४९४६** बालबालिकासँग बाल अधिकार महासन्धी सम्बन्धी सचेतीकरण कार्यक्रम




**१३७१** बालबालिकालाई बालअधिकार महासन्धी सम्बन्धी तालिम

**१२५६** बालक्लब सदस्यहरुलाई नेतृत्व विकास तालिम

**२५** वटा विद्यालयमा महिनावारी स्वच्छता व्यवस्थापन तथा खानेपानी, सरसफाई र स्वच्छता सम्बन्धी तालिम

**नोभेम्बर २०१८ देखि नोभेम्बर २०१९ सम्म, गुड नेवर्स इन्टरनेशनल नेपालले निम्न सहयोग गर्यो :**

**४५००** बालक्लब सदस्यहरुलाई भौतिक सहयोग

**२८४०** किशोरीहरुलाई (४० विद्यालय) महिनावारी स्वच्छता सामग्री

**४१** विद्यालयमा महिनावारीमैत्री (२७) र लैङ्गिकमैत्री (१४) शौचालय निर्माण

**२५,९६३** जना बालबालिकाहरुको स्वास्थ्य जाँच

**१३२** विद्यालयहरुमा गुनासो सुनुवाई सयन्त्रको व्यवस्थापन गर्न सहयोग तथा सहजीकरण

**१३५३** सरोकारवालाहरुसँग जनचेतना सन्देशहरु

बाजुरामा बाल हेल्पलाईन १०९८
सबै लाभग्राहीको लागि टोल फ्रि फोन सेवा १६६००१९२०२१





# अवसर :

सर्वविदितै छ, कागज, कलम र कक्षाकोठामा सीमित शिक्षण सिकाइले मात्रै बालबालिकाहरुका विकासात्मक आवश्यकताहरु पूरा हुँदैनन् । हामीले बालबालिकाहरुलाई उनीहरुमा अन्तर्निहित प्रतिभाहरु प्रस्फुटन गर्न र सामाजिक साँस्कृतिक सवालहरुमा उनीहरुको चेतना बृद्धि गर्न, गुड नेवर्स इन्टरनेशनल नेपालले विद्यालय, पालिका र राष्टियस्तरका कविता, चित्रकला, वक्तृत्वकला, हाजिरीजवाफ र निबन्ध प्रतियोगिता र अप्रतियोगी जनचेतनामूलक नाटक मञ्चन, १३ जिल्लाका ३५४ विद्यालयका कक्षा १ देखि १२ सम्मका ८०,००० विद्यार्थी माझ गर्यौं ।




## सहभागी विद्यार्थीहरू र प्रतियोगिताहरू

**४१३** विद्यार्थीहरु : चित्रकला

**५३६** विद्यार्थीहरु : अंग्रेजी हिज्जे

**३२३** छात्राहरु : वक्तृत्वकला

**३५४** विद्यार्थीहरु : कविता लेखन र वाचन

**५५२** विद्यार्थीहरु : निबन्ध लेखन


**९३०** विद्यार्थीहरु : हाजिरीजवाफ

# बालकचहरी : नेपालमा बालविवाह विषयक संवाद कार्यक्रम


यो वर्ष गुड नेवर्स इन्टरनेशनल नेपाल र कर्णाली एकीकृत ग्रामीण विकास तथा अनुसन्धान केन्द्रबाट नेपालमा बालविवाहको बदलिंदो आयामहरु विषयमा शोध गरियो । तराई, पहाड, र हिमालका दार्चुला, बाजुरा, डोटी, कैलाली, हुम्ला, मुगु, बर्दिया, म्याग्दी, पर्वत, कास्की, गोरखा, काठमाडौं, ललितपुर, कालीकोट र कपिलवस्तु जिल्ला समेटिएको यो शोधमा १०३२ किशोरकिशोरी, अभिभावक, र कानूनले तोकेको उमेरभन्दा अघि विवाह गरेका व्यक्तिहरुले संख्यात्मक विवरण उपलब्ध गराएका थिए । गुणात्मक विवरण किशोरकिशोरी, अभिभावक, सामाजिक, राजनैतिक र धार्मिक अगुवा, स्थानीय सरकार र प्रहरीबाट लिइएको थियो ।





## मुख्य शुरूवाती निष्कर्षहरू :




**४०.१%** उत्तरदाताहरुलाई कानूनले तोकेको विवाह गर्ने उमेर थाहा छैन




**९४.३%** उत्तरदाताहरुलाई १८ वर्षभन्दा कम उमेरमा गरिएको बालविवाह ठीक होइन भन्ने लाग्दछ




**३८.८%** उत्तरदाताहरुलाई बालविवाह बढिरहेको छ भन्ने लाग्दछ




**६७.३%** उत्तरदाताहरुलाई बाल विवाहको दर घटाउन सकिन्छ भन्ने लाग्दछ



**६६%** उत्तरदाताहरुलाई बालविवाह प्रेम सम्बन्धहरुले गर्दा हुन्छ भन्ने लाग्दछ



**२८.७%** उत्तरदाताहरुलाई लाग्दछ कि गरिबीले गर्दा बालविवाह हुन्छ



**६१.७%** उत्तरदाताहरुलाई सामाजिक सञ्जाल, मोवाईल फोन, इन्टरनेटले गर्दा बालविवाह बढिरहेको छ भन्ने लाग्दछ